# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

# गभर्नर डा. खतिवडाको विदाइ

गभर्नर डा. युवराज खतिवडा आफ्नो पाँच बर्षे कार्यकाल पूरा गरी यही चैत ६ गतेदेखि गभर्नर पदबाट निवृत्त हुँदै हुनुहुन्छ । नेपाल सरकार (मन्त्री परिषद) को निर्णय अनुसार २०६६ साल चैत ६ गते उहाँ नेपाल राष्ट्र बैंकको गभर्नर पदमा नियुक्त हुनुभएको थियो ।

## सञ्चालक समितिको बैठक



(गभर्नर डा. खतिवडा सञ्चालक समितिबाट विदा लिनुहुँदै)

गभर्नर डा. खतिवडाको पाँच बर्षे कार्यकालको अन्तिम समयतिर २०७१ चैत ४ गते बसेको सञ्चालक समितिको बैठकले उहाँको कार्यकालको समीक्षा गरेको थियो ।

वित्तीय स्थायित्व, वित्तीय पहुँच, वित्तीय सेवाको कुशलता अभिवृद्धि, जनशक्ति व्यवस्थापन, सूचना प्रविधि तथा भौतिक पूर्वाधारको विकास तथा अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारका क्षेत्रमा उहाँले पु¥याउनु भएको योगदानको बैठकमा प्रशंसा गरिएको थियो । सो अवधिमा बैंक तथा वित्तीय संस्थाको मर्जर तथा एक्विजिसनमा जोड दिइएको, ग्रामीण क्षेत्रमा बैंक तथा वित्तीय संस्थाका शाखा विस्तार गर्न प्राथमिकता दिइएको, कृषि, ऊर्जा र अन्य उत्पादनशील क्षेत्रमा अनिवार्य रूपमा कर्जा विस्तार गर्न निर्देशन दिइएको, बैंकिङ कसूर गर्ने तथा बैंकिङ कानून उल्लंघन गर्नेका विरुद्धका कारवाहीलाई सघन बनाइएको नीतिगत व्यवस्थाले आर्थिक क्षेत्रको रूपान्तरणमा सहयोग पुग्ने विश्लेषण उक्त बैठकले ग¥यो । यसै गरी विगत पाँच वर्षमा केन्द्रीय बैंकद्वारा प्रमुख कार्यकारी अधिकृतको सुविधा सम्बन्धी मार्गदर्शन तथा स्प्रेडदर सम्बन्धमा निर्देशन जारी गरिएको, बैंकिङ क्षेत्रको कर्जालाई अस्वस्थ सट्टेबाजीमा हुने लागानीबाट जोगाउन जग्गा र सेयरमा हुने कर्जा प्रवाहलाई व्यवस्थित गरिएको, नेपाल राष्ट्र बैंकको कारोबारका लागि ओलम्पिक बैंकिङ सिस्टम नामक सफ्टवेर जडान गरिएको तथा नेपाल क्लियरिङ हाउस लिमिटेडको स्थापना गर्नुका साथै मुद्रास्फीति, शोधनान्तर बचत, तरलता व्यवस्थापन जस्ता आर्थिक परिसूचकहरूलाई वाञ्छित सीमामा राख्न उहाँको कार्यकालमा भएका उपलब्धिहरूको समेत स्मरण गरिएको थियो ।

## व्यवस्थापन समितिको बैठक

यसअघि चैत ३ गते बसेको व्यवस्थापन समितिको बैठकमा समेत गभर्नर खतिवडाले समितिका सदस्य तथा आमन्त्रित अधिकृतहरुलाई सहयोगका लागि धन्यवाद दिनु भएको थियो भने उहाँले प्रदान गर्नुभएको सबल नेतृत्वका लागि समितिका सदस्य तथा आमन्त्रित अधिकृतहरूले गभर्नर डा. खतिवडाप्रति आभार प्रकट गर्नुभएको थियो ।

## विदाइ सम्बोधन

यसै सन्दर्भलाई निरन्तरता दिँदै चैत ५ गते गभर्नर डा. खतिवडाले बैंकका डेपुटी गभर्नरद्वय, विभागीय प्रमुखहरू, निर्देशक, कर्मचारी युनियनका अध्यक्षहरू सम्मिलित भव्य उपस्थितिलाई विदाइ सम्बोधन गर्नुभयो ।



उक्त सम्बोधनमा उहाँले आफ्नो कार्यकालमा बैंकले लिएका नीति तथा सम्पन्न गरेका कार्यहरूको बुँदागत टिपोट प्रस्तुत गर्नुहुँदै विगत पाँच वर्षको अवधिमा बैंकले उल्लेख्य उपलब्धि हासिल गरेको धारणा राख्नुभयो । यो उपलब्धि हासिल हुनुमा नेपाल सरकार, सञ्चालक समिति, डेपुटी गभर्नरहरु, कार्यकारी निर्देशक, बैंक परिवार, वित्तीय क्षेत्र, सुरक्षा क्षेत्र, सञ्चार जगत तथा राज्यका अन्य निकायहरुको ठुलो सहयोग रहेको समेत उहाँको विश्लेषण थियो ।

विगत पाँच वर्षमा नेपालको वित्तीय क्षेत्रमा अनुशासन र कुशलता वृद्धि भएको, विश्वव्यापी आर्थिक मन्दीबाट अर्थव्यवस्थालाई जोगाउन सकिएको, नेपाल राष्ट्र बैंकको प्रभावकारिता र प्रतिष्ठा बढेको तथ्य पनि सो अवसरमा गभर्नर डा. खतिवडाले औंल्याउनु भयो ।

## विदाइ कार्यक्रम पछि आयोजना गरिने

आफ्नो कार्यकालबाट निवृत्त हुने गभर्नरलाई नवनियुक्त गभर्नरले औपचारिक रूपमा विदाइ गर्ने मौलिक र पृथक परम्परा नेपाल राष्ट्र बैंकमा रहेको छ । त्यसैले आजका मितिदेखि सेवा निवृत्त हुनुहुने नेपाल राष्ट्र बैंकका पन्ध्रौं गभर्नर डा. खतिवडालाई अब नियुक्त हुनुहुने सोह्रौं गभर्नरले विशेष कार्यक्रम आयोजना गरी विदाइ गर्नुहुने छ ।

**२०७१ चैत ५ गते, बिहीबार**

**गभर्नरको कार्यालय**